नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभग

म.नि.- ५५२७८८५
उ.म.नि.- ५५५१८०२
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

# प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागले राजस्व अनुसन्धान कार्यालय, बुटवलमार्फत रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका, वडा नम्वर- ०५, नेपालगञ्ज रोडस्थित अलिम इन्टरप्राइजेज (स्थायी लेखा नम्वर ३०४८९६२८०) का प्रोप्राईटर अलिम मियाँले विनास्रोतका भन्सार चोरी पैठारी गरिएका मालवस्तुको कारोवार गरी भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा आयकर छली गरी राजस्व चुहावट गरेको कसुरका सम्वन्धमा अनुसन्धान सम्पन्न गरी सम्मानित श्री उच्च अदालत तुलसीपुर, बुटवल ईजलासमा मिति २०८१/१०/१५ मा निज अलिम मियाँ विरुद्ध अभियोग पत्र दायर गरिएको छ ।

प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन (संशोधन सहित), २०५२ को दफा ३ द्वारा निषेधित कार्य गरी सोही ऐनको दफा ४ को कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी अलिम मियाँबाट सोही ऐनको दफा २(छ१) बमोजिम विगो रु. ३,४३,३९,४३३/- (अक्षरेपी तीन करोड त्रिचालिस लाख उनान्चालिस हजार चार सय तेत्तिस रुपैयाँ मात्र) विगो र सोही ऐनको दफा २३ को उपदफा (१) बमोजिम विगोको शतप्रतिशतले हुने रु. ३,४३,३९,४३३/- (अक्षरेपी तीन करोड त्रिचालिस लाख उनान्चालिस हजार चार सय तेत्तिस रुपैयाँ मात्र) जरिवाना हुन तथा सोही ऐनको दफा २३ को उपदफा (१)(ख) बमोजिम निज प्रतिवादीलाई हदैसम्मको कैद सजाय हुन मागदावी लिई अभियोग पत्र दायर गरिएको छ ।

२०८१/१०/१५
प्रवक्ता
उपमहानिर्देशक
कृष्ण कुमारी श्रेष्ठ

Scanned with CamScanner

फ्याक्स : ५५४२०२३ ईमेल-info@dri.gov.np, website : www.dri.gov.np